सरावल गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी

प.स.

च.नं.

आज मिति २०८३/०२/२९ गतेका दिन यस सरावल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा देहायको उपस्थितिमा सभाअध्यक्ष श्री सुखाडी प्रसाद चौधरीको अध्यक्षतामा गाउँ सभाको १८औ अधिवेसन वसी तपसिल बमोजिमको निर्णय गरियो

| क.स. | नाम,थर | पद | हस्ताक्षर मिति २०८३/०२/२९ |
|---|---|---|---|
| १ | श्री सुखाडी प्रसाद चौधरी | सभा अध्यक्ष | |
| २ | श्री बासमती हरिजन | सभा उपाध्यक्ष | |
| ३ | श्री श्रीप्रसाद गौतम | सभा सचिव | |
| ४ | श्री बिष्णु प्रसाद भट्टराइ | सभा सदस्य | |
| ५ | श्री शम्भु प्रसाद चौधरी | सभा सदस्य | |
| ६ | श्री फिरंगी चौधरी | सभा सदस्य | |
| ७ | श्री सुरेश प्रसाद यादव | सभा सदस्य | |
| ८ | श्री लक्ष्मण प्रसाद चौधरी | सभा सदस्य | |
| ९ | श्री छोटेलाल गुप्ता | सभा सदस्य | |
| १० | श्री हेयात खाँ धुनिया | सभा सदस्य | |
| ११ | श्री शोभा देवी थारु | सभा सदस्य | |
| १२ | श्री शान्ति कुमारी हरिजन | सभा सदस्य | |
| १३ | श्री गोरे राना मगर | सभा सदस्य | |
| १४ | श्री वुद्धन प्रसाद चौधरी | सभा सदस्य | |
| १५ | श्री उर्मिला कुमारी थारु | सभा सदस्य | |
| १६ | श्री रुपा देवी चमार | सभा सदस्य | |

CamScanner

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर मिति २०८३/०२/२९ |
|---|---|---|---|
| १७ | श्री तुफानी लाल गुप्ता | सभा सदस्य | |
| १८ | श्री नरेन्द्र प्रसाद चौधरी | सभा सदस्य | |
| १९ | श्री नेमा चौधरी | सभा सदस्य | |
| २० | श्री धुव्रपति देवी लोना चमार | सभा सदस्य | |
| २१ | श्री केशव राज चौधरी | सभा सदस्य | |
| २२ | श्री दुर्गा कुमार चौधरी | सभा सदस्य | |
| २३ | श्री रन्जना महतो | सभा सदस्य | |
| २४ | श्री सावित्री कुमारी चमार | सभा सदस्य | |
| २५ | श्री अर्जुन तेली | सभा सदस्य | |
| २६ | श्री सुवास केवट | सभा सदस्य | |
| २७ | श्री सावित्री देवी चौधरी | सभा सदस्य | |
| २८ | श्री अनिता देवी हरिजन | सभा सदस्य | |
| २९ | श्री सुधव कुमार केवट | सभा सदस्य | |
| ३० | श्री किसुन कहार | सभा सदस्य | |
| ३१ | श्री ज्ञान्त्री कुमारी चौधरी | सभा सदस्य | |
| ३२ | श्री जानकी चमार | सभा सदस्य | |
| ३३ | श्री चन्द्र भान चौधरी | सभा सदस्य | |
| ३४ | श्री अवदुर रहमान चुरिहार | सभा सदस्य | |
| ३५ | श्री मोहरी देवी चमार | सभा सदस्य | |
| ३६ | श्री कौशिल्या देवी चमार | सभा सदस्य | |
| ३७ | श्री बन्धन केवट | सभा सदस्य | |
| ३८ | श्री धर्मेन्द्र प्रसाद हरिजन | सभा सदस्य | |
| ३९ | श्री राम निवास नाउँ | सभा सदस्य | |
| ४० | श्री रामानन्द चमार | सभा सदस्य | |

सरावल गाँउपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी

प.स.

च.नं.

आज मिति २०८३/०२/३१ गतेका दिन यस सरावल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा देहायको उपस्थितिमा सभाअध्यक्ष श्री सुखाडी प्रसाद चौधरीको अध्यक्षतामा गाउँ सभाको १८औ अधिवेसन बसी तपसिल बमोजिमको निर्णय गरियो

| क.स. | नाम,थर | पद | हस्ताक्षर मिति २०८३/०२/३१ |
|---|---|---|---|
| १ | श्री सुखाडी प्रसाद चौधरी | सभा अध्यक्ष | |
| २ | श्री वासमती हरिजन | सभा उपाध्यक्ष | |
| ३ | श्री श्रीप्रसाद गौतम | सभा सचिव | |
| ४ | श्री विष्णु प्रसाद भट्टराइ | सभा सदस्य | |
| ५ | श्री शम्भु प्रसाद चौधरी | सभा सदस्य | |
| ६ | श्री फिरंगी चौधरी | सभा सदस्य | |
| ७ | श्री सुरेश प्रसाद यादव | सभा सदस्य | |
| ८ | श्री लक्ष्मण प्रसाद चौधरी | सभा सदस्य | |
| ९ | श्री छोटेलाल गुप्ता | सभा सदस्य | |
| १० | श्री हेयात खाँ धुनिया | सभा सदस्य | |
| ११ | श्री शोभा देवी थारु | सभा सदस्य | |
| १२ | श्री शान्ति कुमारी हरिजन | सभा सदस्य | शान्ति |
| १३ | श्री गोरे राना मगर | सभा सदस्य | |
| १४ | श्री बुद्धन प्रसाद चौधरी | सभा सदस्य | |
| १५ | श्री उर्मिला कुमारी थारु | सभा सदस्य | |
| १६ | श्री रुपा देवी चमार | सभा सदस्य | रुपा |

CamScanner

| क.स | नाम,थर | पद | हस्ताक्षर मिति २०८३/०२/२९. |
|---|---|---|---|
| १७ | श्री तुफानी लाले गुसा | सभा सदस्य | |
| १८ | श्री नरेन्द्र प्रसाद चौधरी | सभा सदस्य | |
| १९ | श्री नेमा चौधरी | सभा सदस्य | नेम |
| २० | श्री धुव्रपति देवी लोना चमार | सभा सदस्य | धुवपती |
| २१ | श्री केशव राज चौधरी | सभा सदस्य | |
| २२ | श्री दुर्गा कुमार चौधरी | सभा सदस्य | दुर्गा |
| २३ | श्री रन्जना महतो | सभा सदस्य | |
| २४ | श्री साबित्री कुमारी चमार | सभा सदस्य | साबित्री |
| २५ | श्री अर्जुन तेली | सभा सदस्य | अर्जुन गुप्ता |
| २६ | श्री सुवास केवट | सभा सदस्य | |
| २७ | श्री सावित्री देवी चौधरी | सभा सदस्य | सावित्री |
| २८ | श्री अनिता देवी हरिजन | सभा सदस्य | अनिता |
| २९ | श्री सुधव कुमार केवट | सभा सदस्य | सुधव |
| ३० | श्री किसुन कहार | सभा सदस्य | किसुन |
| ३१ | श्री ज्ञान्त्री कुमारी चौधरी | सभा सदस्य | ज्ञान्त्री |
| ३२ | श्री जानकी चमार | सभा सदस्य | जानकी |
| ३३ | श्री चन्द्र भान चौधरी | सभा सदस्य | |
| ३४ | श्री अवदुर रहमान चुरिहार | सभा सदस्य | |
| ३५ | श्री मोहरी देवी चमार | सभा सदस्य | मोहरी |
| ३६ | श्री कौशिल्या देवी चमार | सभा सदस्य | कौशिल्या |
| ३७ | श्री बन्धन केवट | सभा सदस्य | |
| ३८ | श्री धर्मेन्द्र प्रसाद हरिजन | सभा सदस्य | |
| ३९ | श्री राम निवास नाउँ | सभा सदस्य | |
| ४० | श्री रामानन्द चमार | सभा सदस्य | रामानन्द |

CamScanner

बैठक नं.

मिति २०८३/०२/२९ गते गाउँसभाको १८औ अधिवेसनका कार्यसूचीहरुः

क. गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्ने

मिति २०८३/०२/२९ गते गाउँसभाको १८औ अधिवेसनका कार्यसूचीहरुः

क. गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल गर्ने र निर्णयार्थ पेश गर्ने ।

CamScanner

बैठक नं.

## मिति २०८३/०३/३१ गते गाउँसभाको १८औं अधिवेशनका निर्णयहरु:

१. आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममा सुझाव सहित स्वीकृत गर्ने,

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

# सरावल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को
# वार्षिक नीति तथा कार्यक्रम

## सरावल गाउँपालिका

२०८३

सरावल गाउँपालिकाका अध्यक्ष सुखाडी प्रसाद चौधरीद्वारा सरावल गाउँपालिका गाउँसभाको १८औं अधिवेसनमा प्रस्तुत

CamScanner

यस गरिमामय १८औं गाउँसभामा उपस्थित जिल्ला समन्वय समिति प्रमुख ज्यू, यस सभाका उपाध्यक्ष ज्यू, सभा सचिव ज्यू, गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी साथीहरु, एवम उपस्थित पत्रकार मित्र र सुरक्षाकर्मी मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ।

सरावल गाउँपालिकाको १८औं अधिवेशनको अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय-समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात - अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उपस्थित सम्पूर्ण महानुभावहरुमा आभार प्रकट गर्दछु ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय घटना परिघट्ना तथा असहज परिस्थितिका साथै विविध चुनौतीहरुका बीचमा वर्तमान संविधानको मर्म र भावना अनुरुप आज मैले यस गरिमामय सभामा सरावल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु ।

जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारको मुल नेतृत्वको रुपमा चयन भइ हामीले जिम्मेवारी सम्हालेको पनि चार वर्ष पुरा भइसकेको छ । जनतामाझ हामीले राखेका प्रतिवद्धताहरु कार्यान्वयन गर्नका लागि हामी प्रतिवद्ध छौं भन्ने हाम्रो प्रतिवद्धता जाहेर गर्दै जनताका इच्छा एवम आकांक्षालाइ यस नीति तथा कार्यक्रमका रुपमा प्रस्तुत गरेका छौं । यस क्रममा सहयोग गर्नुहुने यस गरिमामय गाउँसभाका उपाध्यक्षज्यू सम्पुर्ण सभासदस्यज्यूहरु एवम हाम्रो सोच एवम उद्देश्यलाइ साकार पार्न दिन रात खटिनु हुने राष्ट्रसेवक कर्मचारीहरुलाइ धन्यवाद दिदै आगामी दिनमा गर्ने सहकार्यका लागि हार्दिक शुभेच्छा व्यक्त गर्दछु ।

स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधारः समृद्ध सरावलको आधार भन्ने मुल नारालाइ साकार पार्न प्रस्तुत नीति तथा कार्यक्रमले जोड दिएको छ ।

सभा सदस्यज्यूहरु

अब म आगामी आ.व. २०८३/०८४ का लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

शिक्षा, युवा तथा खेलकुद

१. शिक्षक तथा कर्मचारी व्यवस्थापन एवं सेवा सुविधाः गाउँपालिकाको आन्तरिक अनुदान स्रोतबाट कार्यरत शिक्षक, बालविकास सहजकर्ता तथा कर्मचारीहरूको मनोबल उच्च राख्न प्रचलित नियमानुसार तलब भत्तामा समयानुकूल वृद्धि गरिनेछ। साथै, उनीहरूको कार्यक्षमता वृद्धिका लागि समयसापेक्ष पुनर्ताजगी तालिमको व्यवस्था गरी तलब, भत्ता तथा सेवा सुविधालाई थप व्यवस्थित बनाइनेछ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

२. शैक्षिक पूर्वाधार तथा प्रविधि सुदृढीकरणः विद्यालय शिक्षाको गुणात्मक सुधार, पारदर्शिता र सुरक्षाका लागि सूचना प्रविधि (ICT), कृतिम बौद्धिकता तथ्य युक्त आधुनिक कक्षाकोठा व्यवस्थापन, विद्युतीय हाजिरी (E-Attendance) तथा सीसीटीभी (CCTV) जडान कार्यलाई अघि बढाइनेछ। सबै विद्यालयहरूमा प्रविधिमा आधारित डिजिटल साक्षरता तालिमको व्यवस्था गरी 'डिजिटल डिभाइड' कम गरिनेछ।

३. विद्यार्थी मूल्याङ्कन, परीक्षा र उत्तरदायित्वः विद्यार्थीहरूको सिकाई क्षमताको सही मापनका लागि आन्तरिक तथा निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याइनेछ। कक्षा ५, ८, १० र १२ को अन्तिम परीक्षाको नतिजालाई सूक्ष्म विश्लेषण गरी कमजोर नतिजा ल्याउने विद्यालय तथा विषय शिक्षकहरूलाई शैक्षिक प्रतिफलप्रति उत्तरदायी र जिम्मेवार बनाइनेछ। त्यसैगरी उत्कृष्ट नतिजा ल्याउन शिक्षक र विद्यालयलाई पुरस्कृत गरी उत्प्रेरणा प्रदान गरिनेछ ।

४. बालविकास शिक्षा तथा दरबन्दी पुनर्वितरणः सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास शिक्षा (ECD) को सुदृढीकरणका लागि विद्यार्थी सङ्ख्या र आवश्यकताका आधारमा बालविकास सहजकर्ताहरूको कोटा/दरबन्दी पुनर्वितरण गर्न आवश्यक गृहकार्य गरिनेछ।

५. युवा प्रतिभा, उद्यमशीलता र खेलकुद प्रवर्द्धनः गाउँपालिकाभित्रका युवा प्रतिभाहरूको खोजी गरी प्रतिस्पर्धात्मक माध्यमवाट अब्बल ठहरिएका युवाहरूलाई स्वरोजगार र उद्यमशीलताको क्षेत्रमा आकर्षित गरिनेछ। युवाहरूलाई लागू पदार्थको दुर्व्यसन र कुलतवाट जोगाई खेलकुदप्रति प्रेरित गर्न "कोलवृक्ष कप" खेलकुद प्रतियोगिता र "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल नाराका साथ 'राष्ट्रपति रनिङ शिल्ड' लाई थप व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

६. शैक्षिक नेतृत्व, अनुगमन तथा संस्थागत प्रोत्साहनः विद्यालयको समग्र विकासका लागि गाउँ शिक्षा ऐन बमोजिम 'प्रधानाध्यापक अतिरिक्त प्रोत्साहन भत्ता' लाई निरन्तरता दिँदै प्रधानाध्यापकहरूलाई थप जिम्मेवार बनाइनेछ। विद्यालयहरूको नियमित अनुगमन र कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउँदै उत्कृष्ट विद्यालय र शिक्षकहरूलाई पुरस्कृत तथा कमजोरलाई जवाफदेही बनाइनेछ।

७. उच्च शिक्षामा पहुँच र शैक्षिक प्रोत्साहनः शिक्षामा सर्वसुलभ पहुँच स्थापित गर्दै यसलाई रोजगारीसँग जोड्न गाउँपालिकाभित्र स्नातक तहसम्मको अध्ययनलाई क्रमशः सहज बनाइनेछ। यसका लागि उच्च शिक्षामा अध्ययनरत दलित, विपन्न तथा जेहेन्दार विद्यार्थीहरूको सिकाई निरन्तरताका लागि " शैक्षिक प्रोत्साहन कार्यक्रम" सञ्चालन गरिनेछ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

८. स्थानीय पाठ्यक्रम कार्यान्वयनः राष्ट्रिय पाठ्यक्रम प्रारूपको मापदण्ड अनुरूप निर्मित "हाम्रो सरावल" नामक स्थानीय पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गरी चालु शैक्षिक सत्र २०८३ मा पनि कक्षा १ देखि ८ सम्म निरन्तरता दिइनेछ र उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ ।

९. पोषण, स्वास्थ्य तथा छात्रा कल्याणः प्रारम्भिक वालविकास (ECD) देखि कक्षा पाँचसम्मका वालवालिकाहरूको नियमितता र सिकाई सुधारका लागि स्वच्छ एवं गुणस्तरीय दिवा खाजाको व्यवस्थापन र अनुगमनलाई प्रभावकारी बनाइनेछ, जसका लागि गाउँपालिकावाट थप रकम व्यवस्था गरिनेछ। साथै, सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि निःशुल्क गुणस्तरीय स्यानिटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१०. शैक्षिक गुणस्तर, दरबन्दी र पूर्वाधार विकासः "विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी" भन्ने सङ्कल्प र गाउँपालिका अनुदान कोटालाई निरन्तरता दिँदै व्यावहारिक, प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत दक्ष जनशक्ति उत्पादन गर्ने दीर्घकालीन नीति लिइनेछ। यसका लागि विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला, पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलमैदान, स्वच्छ खानेपानी, शौचालय तथा अपाङ्गमैत्री पूर्वाधार विकासका लागि वजेट विनियोजन गरिनेछ। स्वयम सेवक शिक्षकलाई पनि निरन्तर दिइनेछ ।

क. विद्यार्थीहरुलाई प्रविधिमैत्री तथा गुणस्तरिय सिकाई वातावरण उपलब्ध गराउनुको साथै शिक्षकहरुलाई सक्षम, सशक्त तथा प्रभावकारी बनाउने उद्देश्यले पालिका भित्रका सामुदायिक विद्यालयहरुमा A.I Support सहितको डिजिटल शिक्षण प्रणाली तथा सिकाई उपलब्धी सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

भौतिक पुर्वाधार तर्फ

११. रणनीतिक तथा दिगो सडक सञ्जाल विकास

- कृषि सडक सञ्जालः सरावल कृषिवहुल क्षेत्र भएकाले उत्पादित कृषि उपजलाई बजारसम्म सहजै पुऱ्याउन "खेतदेखि बजारसम्म" कृषि सडक मर्मत सम्भारलाई प्राथमिकता दिइनेछ।
- गुणस्तर नियन्त्रण र अनुगमनः निर्माण व्यवसायीमार्फत हुने सडक पूर्वाधार निर्माणमा आधुनिक प्रविधिको प्रयोग गरी गुणस्तर मापन (Lab Test) अनिवार्य गरिनेछ। यसका लागि खोखरपुरास्थित आदर्श मा.वि. मा रहेको नमुना ल्याब संचालनमा ल्याईनेछ ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

- सडक आर सि सिः गाउँपालिका भित्र मुख्य सडक बाहेकका अन्य सडकहरु क्रमश आर सि सि मा प्रतिस्थापन गर्दै लगिनेछ । बिटुमिन आयातलाई स्वदेशी सिमेन्ट र डण्डीले प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने नीति लिइनेछ ।

१२. डुबान नियन्त्रण, नदी नियन्त्रण तथा सिंचाई व्यवस्थापन

- बाढी तथा डुबान व्यवस्थापनः वर्षायाममा गण्डक नहरको संरचना र स्थानीय खोलाहरूका कारण हुने कटान र डुबान समस्या समाधान गर्न झरही र धनेवा तटबन्ध (Embankment) निर्माण तथा नदी सफाई कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ । नदी सफाईबाट निस्किने नदीजन्य पदार्थलाई पुसौली भुजहवा सडकलाई दुई लेनमा विस्तार गर्न प्रयोग गरिनेछ ।
- सघन सिंचाइ आयोजनाः गाउँपालिकाका कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याउन स्यालो ट्युबवेल र डिप ट्युबवेल सिंचाइ प्रणालीको विस्तार गरिनेछ। साथै गण्डक नहर प्रणालीलाई सफाई गरी चालु हालतमा राख्न आवश्यक समन्वय गरिनेछ ।
- कुलो संरक्षणः सदियौंदेखि अस्तित्वमा रहेका साथै कृषकको जीवनसँग प्रत्यक्ष जोडिएका परम्परागत कुलो प्रणालीहरुलाई पूनर्जीवन दिई तिनको उचित संरक्षण तथा मर्मत सम्भार गरिनेछ ।

१३. सार्वजनिक भवन, शिक्षा र स्वास्थ्य पूर्वाधार

- स्मार्ट वडा कार्यालय र मानवमैत्री संरचनाः गाउँपालिका भित्र बन्ने नयाँ भवनलाई भु-कम्प प्रतिरोधी, अपाङ्गमैत्री, मानवमैत्री, बालमैत्री र प्रविधिमैत्री (Smart Office) बनाइनेछ।
- विद्यालय र स्वास्थ्य चौकी स्तरोन्नतिः सामुदायिक विद्यालयहरूमा सुरक्षित भवन, शौचालय र खानेपानी पूर्वाधार निर्माण गरिनेछ। गाउँपालिका भित्रका कम्तिमा ३ वटा स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गरी प्रसूति गृह (Birthing Center) को लागि भौतिक पूर्वाधार सुदृढ गरिनेछ। यसै आ.व. भित्र १५ सैय्या अस्पतालको निर्माण शुरु गरिनेछ ।

१४. खानेपानी, सरसफाइ तथा उर्जा पूर्वाधार

- 'एक घर, एक धारा अभियानः गाउँपालिका भित्रका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी पुऱ्याउन सञ्चालित खानेपानी आयोजनाहरूलाई पूर्णता दिइनेछ। गाउँपालिकाभित्र निर्मित खानेपानी टंकीहरुलाई प्रदेश सरकारको समन्वयमा वितरण प्रणालीसँग जोडि पालिकाबासीमाझ सुरक्षित खानेपानीको पहुँच अभिवृद्धि गरिनेछ ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

- स्मार्ट सडक बत्ती र उर्जा: गाउँपालिकाका मुख्य चोक र सार्वजनिक स्थलहरूमा सौर्य उर्जा (Solar) तथा हाइमास्ट लाइट (High-mast Light) जडान कार्यलाई निरन्तरता दिदै उज्यालो र सुरक्षित सरावल निर्माण गरिनेछ।

१५. पर्यटन, संस्कृति तथा खेलकुद पूर्वाधार

- सांस्कृतिक तथा पर्यटकीय क्षेत्र विकास: सरावलमा रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वका स्थलहरू (जस्तै: बर्दघाटे कालिका मन्दिर, कोलवृक्ष क्षेत्र लगायत बुद्ध साइटहरु, थारु र मधेश साँस्कृतिक पार्क, रजहवा शान्ति वनवाटीका, कमल पोखरी, गोबरहिया कोटहीमाई मन्दिर, ऐतिहासिक पोखरीहरू) को संरक्षण र सौन्दर्यीकरण गरी पर्या-पर्यटन (Eco-Tourism) को प्रवर्द्धन गरिनेछ।
- खेलकुद पूर्वाधार: युवाहरूलाई खेलकुदमा आकर्षित गर्न एक 'गाउँपालिका स्तरीय रंगशाला÷ र प्रत्येक वडामा खेलमैदान क्रमशः निर्माण गर्दै लगिनेछ।

१६.. भवन तथा शहरी विकास

- गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्यलाई निर्माण सम्पन्न गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका ऐलानी, पर्ति र सार्वजनिक जमिनको खोजी गरी त्यस्ता जमिनको लगत तयार गरी, रेखाङ्कनगर्ने, संरक्षण गर्ने र उपयोग गरी पालिकाको आन्तरिक आय वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१७.. उर्जा

- विद्युतजन्य दुर्घटनाबाट पालिकावासीलाई बचाउन नाङ्गो तारहरुलाई क्रमशः इन्सुलेटेड तारले प्रतिस्थापन गर्दै लगिनेछ ।

**पशुसेवा तर्फ**

**१८.पशु स्वास्थ्य तथा पूर्ण खोप सुनिश्चितता नीतिः** महामारीजन्य संक्रामक रोगहरूका कारण कृषकले वेहोर्नुपर्ने ठूलो आर्थिक क्षतिलाई शून्यमा झार्नका लागि "पूर्व-रोकथाम" रणनीति अन्तर्गत सघन खोप अभियान सञ्चालन गरिनेछ।

**१९.उद्यमशीलता तथा आत्मनिर्भरता नीतिः** परम्परागत र निर्वाहमुखी पशुपालनलाई आधुनिक, व्यावसायिक र प्रविधिमैत्री फार्मका रूपमा रूपान्तरण गरी युवाहरूलाई स्थानीय स्तरमै स्वरोजगारका अवसरहरू सिर्जना गरिनेछ। **गुणस्तर तथा उपभोक्ता हित संरक्षण नीतिः** दूध तथा मासु जस्ता

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

पशुजन्य उत्पादनहरूको स्वच्छता र गुणस्तर सुनिश्चित गर्न संकलन र प्रशोधन स्थलमा स्थलगत परीक्षण र अनुगमनलाई तीव्रता दिइनेछ।

२०.समावेशी तथा लक्षित विकास नीतिः पिछडा वर्ग, दलित समुदाय, महिला तथा विपन्न वर्गलाई लक्षित गरी आयआर्जन र क्षमता विकासका विशेष प्याकेजहरू मार्फत सामाजिक-आर्थिक सशक्तीकरण गरिनेछ। आहारमा परनिर्भरता न्यूनीकरण नीतिः पशुपालनको उत्पादक लागत घटाउन व्यावसायिक घाँस खेती, साइलेज उत्पादन र स्थानीय स्रोतको उपयोगमा जोड दिइनेछ।

## स्वास्थ्य तर्फ

२१."पालिकाबासीलाई निःशुल्क आधारभुत स्वास्थ्य सेवा" को अवधारणा लिदै आधारभुत स्वास्थ्य सेवा निःशुल्क पाउने पालिकाबासीहरुको मौलिकहकलाई सुनिश्चित गर्ने साथै स्वास्थ्य संस्थाको सेवालाई गुणस्तरीय, प्रभावकारी रुपले सञ्चालन गर्न थप व्यवस्थित गरी सम्पूर्ण वडाका स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

२२.महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गरिनुको साथै ६० वर्ष उमेर पुगेका म.स्वा.से.हरुलाई नेपाल सरकारले उपलब्ध गराउने सम्मानजनक बिदाई वापतको रकममा गा पा को तर्फबाट थप रकमको व्यवस्था गरिनेछ |मासिक रुपले प्रदान गरिएदै आएको प्रोत्साहन रकममा बृद्धी गरिनेछ |

२३.मनरी स्वास्थ्यचौकी र भुजहवा स्वास्थ्यचौकीमा प्रसुति भई २ वटा सम्म सन्तान जन्माउने सरावल गाउँपालिका भित्रका स्थायी बासिन्दा आमाहरुको लागि उपलब्ध गराइदै आएको उत्तम पोषण झोला कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२४. पोषण सुधारको लागि समुदायस्तरमा सचेतीकरण कार्यक्रम बिस्तार गर्नुका साथै सामुदायमा लुकेर रहेका कुपोषित बालबालिकाहरुलाई खोज तलास गरी उपचारको

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

दायरामा ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ । ७ वटै स्वास्थ्य संस्थाहरुको सेवालाई पोषण मैत्री र किशोर किशोर मैत्री सुनिश्चित गरिनेछ ।

२५.बालबालिकाको खोप कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गरी प्रत्येक वर्ष पूर्णखोप सुनिश्चितता निरन्तरता दिईनेछ । साथैखोप क्लिनिक, कोल्ड चेनसेन्टर थप व्यवस्थित गर्दै लगिनेछ ।

२६. दम , क्यान्सर , मधुमेह जस्ता नसर्ने तथा दीर्घ रोगहरुको रोकथामको लागि समुदायमा सचेतना अभियान तथा स्क्रिनिंग कार्यक्रम संचालन गरिनेछ ।

२७."क्षयरोग मुक्त सरावल अभियान" सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरी समुदायमा रहेका विरामीहरुको खोजी गरी उपचार गरिनेछ साथै माईक्रोस्कोपिक क्याम्प कार्यक्रम सञ्चालन गरिनेछ ।

२८.सरावल गाउँपालिकाबाट सञ्चालित स्वास्थ्य संस्थाको सेवाको गुणस्तरमा सुधार ल्याउन भौतिक पुर्वाधार निर्माण, उपकरण खरिद, औषधि एवम औषधिजन्य सामग्री सहज आपुर्ति र उपलब्धता सुनिश्चित, जनशक्ति ब्यवस्थापन, स्वास्थ्य संस्थामा न्यूनतम स्वास्थ्य मापदण्डको कार्यान्वयन लगायत प्रयोगशाला सेवा थप ब्यवस्थापन तथा आवश्यकता अनुसार प्रयोगशाला सेवालाई विस्तार गरी सेवाप्रवाह गरिनेछ । साथै उत्कृष्ट सेवा सम्पादन गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्दै लगिने छ ।

२९."स्वस्थ जीवनशैलीका लागि योग" भन्ने नीति अवलम्वन गरि सन्तुलित आहार, शारीरिक ब्यायाम, स्वस्थकर खानपान, योग, ध्यान र प्राणायम जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिने छ । साथै स्तनपायी आमाहरुका लागि दुग्धवर्धक जडिवुटी तथा जेष्ठ नागरिकहरुलाई शक्तिवर्धक आयुर्वेदिक औषधि वितरण कार्यक्रमलाई निरन्तरता गरिनेछ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

३०.सरावल गाउँपालिका भित्रका स्थायीबासीलाई उपचारार्थ रगतमा लाग्ने रकममा अनुदान दिने कार्यलाई पनि निरन्तरता आवश्यक व्यवस्थापन मिलाईने छ ।

३१.एच.आइ.भि/एड्स, क्षयरोग, कुष्ठरोग सहितका कार्यक्रमहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । साथै औलो, कालाजार, हात्तिपाईले, डेगु, स्क्रब टाइफस लगायतका संक्रामक सरुवा रोगहरुको रोकथाम, नियन्त्रण, तथा निवारणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३२.आयुर्वेदिक, प्राकृतिक चिकित्सा लगायतका वैकल्पिक चिकित्सा सेवाको विकाश तथा विस्तारमा गरिनेछ । साथै औषाधिको अनुचित प्रयोगलाई निरुत्साहित गर्दै लगिने छ ।

३३.यस गाउँपालिकामा गर्भवती जाँच, प्रसुति जाँचलाई प्रभावकारी रुपले सञ्चालन गरिनेछ। आईरन, फोलिक एसिड, क्याल्सियम लगायत आवश्यक पर्ने औषधि निशुल्क उपलब्ध गराई आवश्यकता अनुसार प्रयोगशाला सेवामा सहुलियत दिइनेछ ।

३४.जेष्ठ नागरिकको नियमित स्वास्थ्य जांच तथा उपचार सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने छ |

३५.कक्षा ५ सम्मका विद्यार्थीहरुको जेठ महिनामा विद्यालयमै स्वास्थ्य अवस्थाको जांच ( स्क्रिनिंग)को व्यवस्था गरिनेछ |

३६.स्वास्थ्य सुचना प्रणाली तथा आपूर्ति व्यवस्थापन प्रणालीलाई चुस्त र दुरुस्त वनाइनुका साथै सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट अनलाइन माध्यमबाट अभिलेख तथा प्रतिवेदन प्रविष्ट गरि तथ्यांकको गुणस्तर सुधार गरिनेछ |

**वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरु:**

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

३७) सरावल गाउँपालिकामा रहेका आकस्मिक विपद् व्यवस्थापन कोषको रकमलाई वृद्धि गरिनेछ ।

३८) स्थानिय विपद व्यवस्थापन समिति मार्फत विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनीकरण तयारीको कार्य गरिनेछ ।

३९) विपदमा परेका नागरिकलाई राहत उदारमा स्थानीय स्तरका विपद व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ तथा समितिका सदस्यको क्षमता अभिवृद्धिको लागी तालिम प्रदान गरिनेछ ।

४०) खाली सार्वजनिक जग्गामा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

४१) निजि जग्गामा वृक्षारोपण गर्न चाहने व्यक्तिलाई प्रोत्साहन गर्न र विरुवा खरिदमा अनुदान उपलब्ध गराइनेछ ।

४२) सडक छेउमा वृक्षारोपण ( Tree Guard) सहित गरि हरित गाउँपालिका निर्माणमा जोड दिईने छ । सवारी दुर्घटना न्यनीकरणका लागि सूचना बोर्ड जडान गरि संचालनमा ल्याइनेछ ।

**सरावल गाउँपालिका न्यायिक समितिको नीति तथा कार्यक्रम**

**४३.गाउँ– गाउँमा मेलमिलाप सेवा विस्तार**

- प्रत्येक वडामा मेलमिलाप केन्द्रलाई सक्रिय गराउदै, प्रशिक्षित मेलमिलापकर्ताको सूची अद्यावधिक गरी र साना तथा घरयासी विवाद वडा स्तरमै समाधान गरिनेछ ।

**४४. निःशुल्क कानुनी सचेतना अभियान**

- महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा किशोर–किशोरीलाई लक्षित कानूनी शिक्षा सञ्चालन गरिनेछ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

- बालविवाह, घरेलु हिंसा, बहुविवाह, लैङ्गिक हिंसा सम्बन्धी सचेतना सञ्चालन गरिनेछ। ।

. न्यायमा सहज पहुँच कार्यक्रम

- टोल तथा बस्ती स्तरमा न्यायिक शिविर सञ्चालन सञ्चालन गरिनेछ। ।
- दुर्गम बस्तीमा घुम्ती न्यायिक परामर्श सेवा सञ्चालन गरिनेछ। ।

६. घरेलु हिंसा तथा लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम

- पीडित सहायता तथा परामर्श सेवा सञ्चालन गरिनेछ। ।
- महिला समूहसँग समन्वय गरी हिंसा रोकथाम अभियान सञ्चालन गरिनेछ। ।

७. बाल अधिकार संरक्षण कार्यक्रम

- बालविवाह, बालश्रम तथा बाल हिंसा विरुद्ध अभियान सञ्चालन गरिनेछ। ।
- विद्यालयमा कानुनी सचेतना कक्षा सञ्चालन गरिनेछ। ।

४८. ज्येष्ठ नागरिक सम्मान तथा संरक्षण कार्यक्रम

- ज्येष्ठ नागरिकको हक अधिकार सम्बन्धी परामर्श सञ्चालन गरिनेछ। ।
- पालनपोषण सम्बन्धी विवाद समाधानमा प्राथमिकता सञ्चालन गरिनेछ।

४९. न्यायिक समितिको डिजिटल व्यवस्थापन

- उजुरी दर्ता तथा अभिलेख व्यवस्थापनलाई डिजिटल बनाउने सञ्चालन गरिनेछ। ।
- मुद्दा ट्र्याकिङ प्रणाली विकास गरी सञ्चालन गरिनेछ।

५०. समुदायस्तरीय विवाद न्यूनीकरण अभियान

- जग्गा सीमाना, बाटो, पानी, कुलो, सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समाधान अभियान सञ्चालन गरिनेछ।

५१. मेलमिलापकर्ता क्षमता विकास

- वार्षिक तालिम तथा पुनर्ताजगी (Refresher) तालिम सञ्चालन गरिनेछ।
- उत्कृष्ट मेलमिलापकर्तालाई सम्मान गरिनेछ।

५२. विद्यालयस्तरीय कानुनी शिक्षा कार्यक्रम

- "कानुन बुझौं, विवाद घटाऔं" अभियान सञ्चालन गरिनेछ।

सुखडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

- विद्यार्थी तथा अभिभावकलाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

५३. सुरक्षित समाज निर्माण अभियान

- लागू पदार्थ दुर्व्यसन, सामाजिक विकृति तथा साइबर दुर्व्यवहार सम्बन्धी सचेतना सञ्चालन गरिनेछ।

## मनोसामाजिक परामर्शकर्ता सम्बन्धी नीति तथा कार्यक्रम :

५४. विद्यालय स्तरमा कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई मनोसामाजिक समस्याको पहिचान तथा न्युनिकरणका लागि मनोसामाजिक परामर्श र कक्षा १ देखि ७ सम्मका विद्यार्थीहरूलाई कन्टेन्ट डिस-अर्डर सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५५. वैदेशिक रोजगारीबाट सिर्जनाहुन सक्ने मानसिक समस्याहरु समाधानका लागि घरदैलो अभियान संचालन गरिनेछ ।

५६. आमा समूहमा मनोसामाजिक समस्या तथा मानसिक समस्या सम्वन्धी कम्तीमा १० वटा कार्यक्रम सञ्चालन गरिनेछ।

५७. महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूलाई मनोसामाजिक समस्या तथा आत्महत्या न्युनिकरण सम्बन्धी प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५८. विद्यालय छोडेका किशोर तथा किशोरीहरूलाई लक्षित गरी मनोसामाजिक समस्या तथा आत्महत्या न्युनिकरण सम्वन्धी प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको नीति तथा कार्यक्रम

५९. स्थानीय रोजगार, सीप विकास तथा उद्यमशीलता केन्द्रलाई संस्थागत रूपमा सुदृढ गरी एकद्वार सेवा प्रवाह गरिनेछ।

६०. श्रम वजारको मागअनुसार छोटो तथा मध्यम अवधिका सीपमूलक तालिम सञ्चालन गरिनेछ

६१.तालिम प्राप्त युवालाई स्वरोजगार तथा उद्यम स्थापनाका लागि परामर्श, सहजीकरण र वित्तीय पहुँचमा सहयोग गरिनेछ ।

६२. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई अभिमुखीकरण, सीप प्रमाणीकरण तथा सुरक्षित आप्रवासन सम्वन्धी सेवा उपलब्ध गराइनेछ ।

६३.फर्केका आप्रवासी श्रमिकको ज्ञान, सीप र पुँजीलाई स्थानीय उद्यममा उपयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई प्राथमिकतामा राखी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

६५. कृषि, पशुपालन, पर्यटन, हस्तकला तथा घरेलु उद्योगमा आधारित उद्यम प्रवर्द्धन गरिनेछ ।
६६. निजी क्षेत्र, सहकारी, बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरी रोजगार सिर्जना कार्यक्रम सञ्चालन गरिनेछ ।
६७. श्रम स्वीकृति, श्रम परामर्श, रोजगार सूचना तथा उद्यम परामर्श सेवा स्थानीय तहबाट उपलब्ध गराइनेछ।
६८. उद्यम दर्ता, व्यवसाय योजना निर्माण तथा बजार पहुँच विस्तारमा सहजीकरण गरिनेछ।
६९. रोजगार सेवा केन्द्रमार्फत रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच समन्वय तथा मिलान सेवा सञ्चालन गरिनेछ ।
७०. युवा लक्षित नवप्रवर्तन, स्टार्टअप तथा डिजिटल उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।
७१.सीप परीक्षण तथा पूर्व सिकाइको मान्यता (RPL) कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
७२.श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन गरी उत्पादनशील रोजगारीलाई प्रोत्साहन गरिनेछ ।
७३. वार्षिक रूपमा रोजगार, सीप तथा उद्यमशीलता क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक प्रतिवेदन प्रकाशन गरिनेछ ।

**महिला बालबालिका सम्बन्धी नीतिः**

७४. आर्थिक सशक्तिकरण, सीप विकास र स्वरोजगारः महिला उद्यमशीलता विकासका लागि सफल उद्यमीलाई सम्मान गर्ने तथा अपाङ्गता भएका व्यक्ति, उनीहरूका परिवार र विपन्न वर्गलाई लक्षित गरी आयआर्जन, सीप विकास र स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७५. सामाजिक सचेतना र हिंसा न्यूनीकरणः घरेलु हिंसा, लैंगिक हिंसा, बालश्रम र बालविवाह न्यूनीकरणका लागि पुरुषहरूको सक्रिय सहभागिता बढाउँदै समुदाय स्तरमा सचेतना जगाउने तथा विद्यालय स्तरमा इन्टरनेटको सही प्रयोग र साइबर सुरक्षा सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिनेछ।

७६. समावेशी नेतृत्व, बालमैत्री स्थानीय शासन र पूर्वाधार विकासः नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको नेतृत्वदायी सहभागिता बढाउने, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न प्रत्येक वडामा 'एक वडा, एक नमुना बाल उद्यान' निर्माण गर्ने तथा गाउँपालिका र सार्वजनिक संरचनाहरूलाई बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ।

७७. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण र सम्मानः ज्येष्ठ नागरिकका लागि नियमित निःशुल्क स्वास्थ्य शिविर, अशक्तहरूलाई घरदैलो सेवा, उनीहरूको ज्ञान पुस्तान्तरण गर्ने तथा

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

दिवा सेवा केन्द्र स्थापना गर्नुका साथै अपाङ्गता परिचयपत्र वितरण र सहायक सामग्री वितरण कार्यलाई थप सहज बनाइनेछ।

७८. संस्थागत संयन्त्र, कानुनी उपचार र प्रोत्साहन: बालविवाह रोक्ने अभिभावक वा गाउँ र बाल क्लबहरूलाई पुरस्कृत गर्ने; प्रत्येक वडामा महिनाको एक पटक अनिवार्य रूपमा कानूनी सचेतना तथा मनोसामाजिक परामर्श शिविर सञ्चालन गरिनेछ साथै सरावल गाउँपालिकाको बालमैत्री अभियानलाई निरन्तरता दिइनेछ ।

## प्रशासन तर्फको नीति तथा कार्यक्रम

७९.कर्मचारीको क्षमता विकास गर्दै उच्च मनोवलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्नका तथा विद्यमान महंगीलाई सम्बोधन हुने गरी समयानुकुल तलवभत्ता तथा अन्य पारिश्रमिक सुविधामा वृद्धि गरिनेछ ।

८०.स्थानीय तहको कार्यसम्पादनलाई नतिजामुखी बनाउन निर्वाचित जनप्रतिनिधिहरूको नीति निर्माण, योजना छनोट र कानुनी साक्षरता, सम्बन्धी क्षमता विकास गर्ने। त्यसैगरी, कर्मचारीहरूको प्रशासनिक सीप, कम्प्युटर तथा सूचना प्रविधि प्रयोग, र सेवाग्राहीप्रतिको आचरण सुधारका लागि आवश्यक क्षमता विकास गरिनेछ।

८१.गाउँपालिकाको प्रशासनिक सेवा र मातहतका संस्थाहरूमा अनुशासन कायम गर्न गाउँपालिका कार्यालय, सबै वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरूमा अनलाइनमा आधारित केन्द्रीय विद्युतीय हाजिरी प्रणाली जडान गरीएकोमा सोको प्रभावकारी उपयोगको सुनिश्चितता गर्ने र यसको प्रत्यक्ष अनुगमन गर्ने व्यवस्था मिलाउने। साथै सामुदायिक विद्यालयहरूमा समेत विद्युतिय हाजिरी प्रणाली जडान गरि निगरानी बढाईनेछ।

८१.क. सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच अभिवृद्धि गर्ने,डिजिटल साक्षरता पर्वद्धन गर्ने तथा सार्वजनिक सेवाहरुमा नागरिकको सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले पालिका भित्रका प्रमुख सार्वजनिक स्थलहरुमा चरणवद रुपमा निशुल्क वाईफाई जोन स्थापना तथा सञ्चालन गरिनेछ साथै ए आई को प्रयोग सम्बन्धी तालिम प्रदान गरिनेछ ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

८२.नागरिकले घरदैलोबाटै सेवा पाउन सक्ने वातावरण निर्माणका लागि एकीकृत सम्पत्ति कर, भूमिकर, व्यवसाय दर्ता, विभिन्न प्रशासनिक सिफारिस र योजना सम्झौता जस्ता नागरिकसँग प्रत्यक्ष जोडिएका सेवाहरूलाई पूर्ण रूपमा अनलाइन प्रणालीसँग आवद्ध गरी निरन्तर रुपमा सञ्चालन गरिनेछ । सहजताका लागि उल्लिखित कार्य सहितको एकिकृत घुम्ती शिविर सञ्चालनमा ल्याईनेछ।

८३.गाउँपालिकाको प्रशासनिक कार्यलाई आधुनिक र कागजविहीन बनाउने नीति अन्तर्गत सम्पूर्ण शाखा र मातहतका वडा कार्यालयहरूमा रहेका पुराना, संवेदनशिल तथा महत्वपूर्ण कागजात, नक्सा, र निर्णयहरूलाई डिजिटलाइजेसन गरी सुरक्षित राख्न आवश्यक सफ्टवेयर तथा हार्डवेयर खरिद गरी पुर्ण डिजिटल अभिलेख प्रणाली को लागि आवश्यक व्यवस्था गरिनेछ।

८४.नागरिकलाई छिटो-छरितो सेवा प्रदान गर्न वडा तथा शाखाबाट प्रवाह हुने मुख्य-मुख्य सेवाहरू को अधिकतम समयसीमा तोकी सोको पालना अनिवार्य गर्ने, तोकिएको समयमा सेवा उपलब्ध हुन नसकेमा सोको वस्तुपरक कारण सहित सेवाग्राहीलाई तत्काल जानकारी गराउने प्रणाली विकास गरिनेछ।

८५.गाउँपालिकामा नागरिकका गुनासोहरू संकलन र उचित फछ्यौंटका लागि हाल सञ्चालित पेटिकाहरूका अतिरिक्त डिजिटल गुनासो पोर्टल, प्राप्त भएका गुनासोहरूलाई वर्गीकरण गरी २४ घण्टाभित्र सम्वन्धित शाखा वा वडाबाट समाधान गर्ने कानूनी र व्यवहारिक प्रवन्ध मिलाउने।

८६.पारदर्शिता र लोकतान्त्रिक जवाफदेहिताको सिद्धान्तलाई आत्मसात गर्दै गाउँपालिका तथा मातहतका सवै ७ वटै वडाहरूमा प्रत्येक चौमासिक अवधि समाप्त भएपश्चात अनिवार्य सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिनेछ।

८७.स्थानीय शासन कार्यसम्पादन मुल्यांकन प्रणालीमा गाउँपालिकाको अंक सुधार गर्न विगतका कमजोरीहरूको समीक्षा गरिनेछ। पहिचान गरिएका कमजोर सूचकहरूलाई सुधार गर्नका लागि आवश्यक नीतिगत सुधारका कार्यहरू अगाडि वढाईनेछ।

८८.महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएका विगतका वर्षहरूका सञ्चित बेरुजुहरूलाई फछ्यौंट गर्न र चालु आर्थिक वर्षमा बेरुजुको दरलाई न्यून (सम्भव भएसम्म शून्य) बनाउन एक 'बेरुजु

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

न्यूनीकरण विशेष कार्ययोजना' स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ। "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको पालनामा कडाइ गर्ने।

८९.कार्यालयमा आउने सेवाग्राहीलाई अलमल्ल पर्न नदिन परम्परागत होर्डिङ बोर्ड नागरिक वडापत्रको सट्टा मुख्य प्रवेशद्वारमा अडियो-भिडियो सहितको 'डिजिटल नागरिक वडापत्र' जडान गरिनेछ।

९०.गाउँपालिकाको प्रशासनिक, कानुनी, र आर्थिक पक्षहरूको पारदर्शी सञ्चालन सुनिश्चित गर्न वर्षमा कम्तीमा एक पटक बाह्य विज्ञमार्फत अनिवार्य रूपमा व्यवस्थापन परीक्षण' गराउने र प्राप्त सुझावहरूलाई आगामी वर्षको नीतिमा परिमार्जन गर्दै लैजाने व्यवस्था मिलाईनेछ।

९१.पालिकाभित्र भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माणका लागि जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति र सरोकारवालाहरूका लागि 'सदाचार र नैतिक आचरण प्रवर्द्धन' सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने। साथै समुदाय तथा विद्यालय तहमा समेत यससम्वन्धी सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ।

९२.स्वतन्त्र तेस्रो पक्षमार्फत सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण: गाउँपालिका र वडाहरूवाट सम्पादन भएका कार्यहरू र प्रवाह गरिएका सेवाहरूका सम्बन्धमा नागरिकहरूको वास्तविक दृष्टिकोण वुझ्नका लागि स्वतन्त्र परामर्शदाता वा तेस्रो पक्ष मार्फत वार्षिक रूपमा 'नागरिक सन्तुष्टि सर्वेक्षण' गराई प्राप्त प्रतिवेदनका आधारमा सेवा प्रवाहको ढाँचामा सुधार गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९३.योजना तर्जुमाको सुरुवाती चरण (टोल तथा वडा स्तर) देखि नै महिला, बालवालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र आर्थिक रूपमा विपन्न वर्गको अर्थपूर्ण उपस्थिति र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्न विशेष योजना वनाई बजेट विनियोजनमा उनीहरूको मागलाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ।

९४.गाउँपालिकाको आर्थिक कारोबारमा हुन सक्ने सम्भावित वित्तीय जोखिम र बेथिति रोक्नका लागि आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शनलाई अझ मजवुत बनाउदै लगिनेछ। सोको लागी विद्यमान व्यवस्था अध्ययन गरि आवश्यकता अनुसार संशोधन वा थप गरेरमार्फत थप गरी

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

कार्यान्वयनयोग्य वनाईनेछ। आन्तरिक लेखापरीक्षण लाई नियमित र वस्तुपरक गर्ने व्यवस्था मिलाउने।

९५.गाउँपालिका र मातहतका कार्यालयहरूको स्वामित्वमा रहेका सम्पूर्ण चल-अचल सम्पत्ति, सवारी साधन, भवन र जिन्सी सामानहरूको व्यवस्थित अभिलेख गरिनेछ। प्रयोगविहीन र लिलाम गर्नुपर्ने जिन्सी सामानहरूको समयमै फछ्र्यौट गरी सरकारी सम्पत्तिको अभिलेख दुरुस्त राख्ने व्यवस्था मिलाईनेछ।

९६.कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई परम्परागत ढाँचावाट मुक्त गरी कार्यसम्पादन सम्झौता र तोकिएको सूचकको नतिजासँग आबद्ध गरिनेछ। उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई 'वर्षको उत्कृष्ट कर्मचारी' पुरस्कार र जिम्मेवारी पूरा नगर्नेलाई नियमानुसार दण्ड/नसिहत दिने प्रणाली स्थापना गरी नतिजामुखी कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई अवलम्वन गरिनेछ।

९७.आन्तरिक आयको दायरा विस्तार गर्न करदाता शिक्षा, व्यवसाय दर्ता अभियान र कर सचेतना कार्यक्रमहरू वडा स्तरसम्म सञ्चालन गरिनेछ। पालिकाको स्रोत र खर्चको सन्तुलन मिलाउन आर्थिक कार्यविधि नियमावलीको अक्षरशः पालना गर्दै वित्तीय अनुशासन र मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

९८.गाउँपालिकाको स्वीकृत आवधिक विकास योजना ले निर्दिष्ट गरेका अल्पकालिन, मध्यकालिन र दीर्घकालिन लक्ष्यहरू एवं सुशासनका रणनीतिहरूलाई वार्षिक नीति, कार्यक्रम तथा वजेटसँग पूर्ण रूपमा आवद्ध गरी योजना वैंकवाट मात्र बजेट विनियोजन गर्ने परिपाटी वसाल्ने।

९९. भुमि समस्या समाधानका लागि गठित जिल्ला समिति सँग सहकार्य एवम समन्वय गरी लगत सङ्कलन गरिएका जग्गाहरुको नापी कार्यालाई दिदै पुर्जा वितरणका लागि पहल गरिनेछ ।

**सामाजिक सुरक्षा पञ्जिकरण**

९९.गाउँपालिकाभित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लक्षित वर्ग (ज्येष्ठ नागरिक, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई वायोमेट्रिक प्रणालीमा आवद्ध गरि सोको डिजिटल लगत संकलन लाई शतप्रतिशत अद्यावधिक गरिनेछ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

१००.कार्यक्रममार्फत वडा कार्यालय र बैंकहरूसँगको समन्वयमा बैंक सम्म पुग्न नसक्ने लाभग्राहीलाई घरदैलोमै सामाजिक सुरक्षा भत्ता वितरणको आवश्यक प्रबन्ध मिलाइनेछ।

१०१. जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्तालाई ३५ दिनभित्रै अनलाइन प्रणालीमा आबद्ध गर्न टोलस्तरमा घुम्ती शिविर सञ्चालन गरिनेछ।

१०२.मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सररोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधोपचार वापतको सामाजिक सुरक्षा भत्तामा निरन्तरता दिईनेछ।ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य बिमा निरतन्तरता दिइनेछ ।

१०३.सामाजिक सुरक्षालाई सोझै वैंकमा भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

## उद्योग विकास शाखा तर्फ

१०४.सरावल गाउँपालिकाको कृषि र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको विकासका उद्यमीहरुको सिर्जना, विद्यमान उद्यमीहरुको स्तरोन्नती तथा निजहरुलाई आवश्यक प्रविधी हस्तान्तरण गरि उद्यमीहरुको व्यवसायिक क्षमता विकास गर्दै लगिनेछ।

१०५.परम्परागत सीप संरक्षण र स्थानीय प्रविधीलाई आधुनिक प्रविधिसँग जोड्न प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०६.बजारको माग र स्थानीय आवश्यकताका आधारमा उद्यम विकास शाखा र सामाजिक विकास शाखाको संयुक्त आयोजनामा परिणाममुखी सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ। तालिम प्राप्त गरेका व्यक्तिहरुलाई 'स्टार्ट-अप पुँजीको प्रबन्ध मिलाउने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१०७.उत्पादित सामग्रीहरूको बजारीकरणका लागि गाउँपालिकाले 'स्थानीय उत्पादन संकलन तथा बिक्री केन्द्र' हाटबजार/कोसेली घर मार्फत आवश्यक सहजीकरण गरिनेछ।

१०८.वैदेशिक रोजगारीबाट फर्किएका युवा, उद्यमी बन्न चाहने महिला र सीमान्तकृत वर्गलाई लक्षित गरी युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकाले बैंक तथा वित्तीय

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CS CamScanner

ँगको सहकार्य र सम्झौतामा विना धितो वा सहुलियतपूर्ण व्याजदरमा "उद्यमी सहुलियत पलब्ध गराउन कोषको स्थापना र सहजीकरण गर्ने नीति लिईनेछ।

ानीय अर्थतन्त्रलाई चलायमान बनाउन साना, घरेलु तथा मझौला उद्योगहरूको दर्ता ाई झन्झटमुक्त र 'एकद्वार प्रणाली' मार्फत सञ्चालन गरिनेछ। महिला, दलित र विपन्न वर्गको वा सामूहिक स्वामित्वमा दर्ता हुने उद्योगहरूलाई दर्ता शुल्कमा ५०% देखि शतप्रतिशतसम्म ने नीति लिइनेछ। विगतमा दर्ता भई नवीकरण हुन नसकेका उद्योगहरूलाई न्यून जरिवानामा ्ण हुने गरी 'विशेष छुट अवधि' को व्यवस्था गरिनेछ।

## हकारी तर्फ

०.सहकारी संस्थाहरुको नियमित अनुगमन नियमनका कार्यहरुलाई निरन्तरता नेछ। सहकारीमा सुशासन अभिवृद्धि गर्न, बचतकर्ताहरुको बचतको सुरक्षा गर्नका, भाखा नाघेका ा खराव ऋणीहरुलाई नियमानुसार कारवाही प्रकृयामा ल्याई ऋण असुली कार्यमा पालिकाको ़बाट सहकारी संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ।

११.सहकारी संघ संस्थाहरु संगको समन्वय गरी स्थानीय स्वरोजगारी सिर्जना, उत्पादित ामाग्रीको बजारीकरण लगायतका कार्य सञ्चालन गरिनेछ।

।१२.सहकारीका सदस्यहरू, कार्यसमिति, लेखा सुपरिवेक्षण समिति र स्थानीय नव-उद्यमीहरूका लागि सहकारी मुल्य मान्यता, सिद्धान्त, ऐन/नियम, वित्तीय अनुशासन, र व्यावसायिक योजना सम्बन्धी शिक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। संस्थाको रकम अपचलन हुन नदिन, भाखा नाघेको ऋण नियन्त्रण गर्न र जोखिम कोष को सही व्यवस्थापन गर्नका लागि सहकारी व्यवस्थापक तथा कर्मचारीहरूलाई अनिवार्य लेखा तालिम र व्यावसायिक साक्षरता अभियानमा आवद्ध गरिनेछ।

११३. गाउँपालिका भित्र सञ्चालित सहकारीहरुको तलरता व्यवस्थापनका लागि सहकारीहरुलाई उत्पादन मुलक क्षेत्रहरु जस्तै कृपि, पशुपन्छी, लघू उद्यम घरेलु सीप, क्षमतामा आधारित उद्योग तथा व्यवसायहरुमा लगानी गर्न पोत्साहन गरिनेछ ।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner

बैठक नं.

२. चालु आ.व.को हालसम्म कार्यान्वयन नभएका देहायका योजनाहरु संशोधन गर्ने,

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

CamScanner